मिति २०८३ असोज ०७ गते राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीको आयोजना र सुदूरपश्चिम विश्वविद्यालय ईन्जिनियरिङ सङ्कायको सहकार्यमा सोही संकायको सभाहल महेन्द्रनगर, कञ्चनपुरमा मानव अधिकार र नागरिकका कर्तव्य विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। छलफल तथा अन्तरक्रिया कार्यक्रमको अध्यक्षता सुदूरपश्चिम विश्वविद्यालय ईन्जिनियरिङ संकायमा अध्ययनरत श्री जेनिला भट्टले गर्नु भएको थियो। कार्यक्रममा आयोगको तर्फबाट सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख सहसचिव प्रकाश दत्त भट्ट, मानव अधिकार अधिकृतद्वय विदेशराम चौधरी, दैवज्ञराज न्यौपानेसमेतका कर्मचारीहरुको उपस्थिति रहेको थियो भने विश्वविद्यालयको तर्फबाट ईन्जिनियरिङ्ग सङ्कायका प्रमुख हरिप्रसाद जोशी, उपप्राध्यापकद्वय सागर हमाल, गंगा सागर भट्ट, लेखा अधिकृत कुश राज भट्टसहित करिब ११५ जना कर्मचारी र विद्यार्थीको सहभागिता रहेको थियो। उक्त कार्यक्रम सञ्चालन सोही विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी लोकेश जोशीले गर्नु भएको थियो। कार्यक्रममा आयोगको तर्फबाट सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख सहसचिव प्रकाश दत्त भट्टले प्रस्तुती राख्नु भएको थियो। उक्त प्रस्तुतीमा निम्न विषयवस्तुहरु समेटिएका थिए।

1. मानव अधिकारको परिचय, आवश्यकता र महत्व

2. मानव अधिकार आयोगको स्थापनाको पृष्टभुमी, आयोगको काम, कर्तव्य र अधिकार

3. मानव अधिकारमुखी विकास पद्धतीको अन्तर्गत पर्ने Right to participation, Right to contribution, Right to enjoyment and Right to remedy

4. व्यवसाय र मानव अधिकार

5. नागरिकका कर्तव्य

6. Digital Rights लगायतका विषयवस्तुहरु समेटिएका थिए।